मिति २०७५।०१।०८

आज मिति २०७५।०१।०८ गते शनिबार विहान ८.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित |
| का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | अनुपस्थित |
| का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत |
| कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री सीता रिजाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री सानु दास | अनुपस्थित |
| कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| कार्यपालिका सदस्य श्री सावित्री राई | दस्तखत |
| कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार | दस्तखत |
| कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |

सचिव, प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ्ग दस्तखत

**अन्य उपस्थिति**

१. प्रशासकीय अधिकृत श्री रामकुमार शाह दस्तखत

२. लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ दस्तखत

**निर्णय नं. १.**

चालु आर्थिक वर्ष २०७४/०७५ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसाार इलाम सदरमुकाम बजार स्थापनाको २०० वर्ष पुगेको सन्दर्भमा "इलाम : हाम्रो गौरव, २०० वर्षमा हामी इलामेली" व्यानर नाराका साथ वि. सं. २०७५ साल बैशाख १ गतेका दिन इलाम बजारको ठूलो टुँडिखेलमा सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको प्रमुख आतित्थ्यता र राष्ट्रिय सभाका सदस्य मा. अगम वान्तवाज्यू, १ नं. प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री मा. हिक्मत कार्कीज्यू, १ नं. प्रदेश सभाका सदस्यहरु मा. रामबहादुर मगरज्यू, मा. खिना लङ्गवाज्यू, मा. धीरेन शर्माज्यू र मा. काजीमान कागतेज्यूको विशेष आतित्थ्यता तथा धरान उपमहानगरपालिकाका प्रमुख श्री तारा सुब्बाज्यू, उप प्रमुख श्री मञ्जू भण्डारीज्यू लगायत पाँचथर, झापा र इलाम जिल्लाका नगरपालिका र गाउँपालिकाका प्रमुख, उप प्रमुख एवम् अध्यक्ष, उपाध्यक्षज्यूहरुको उपस्थिति र जिल्लास्थित राजनीतिक दलहरु, सम्बद्ध भातृ सङ्गठनहरु, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, हरित नगर महिला समूह लगायतका स्थानीय निजी क्षेत्रसम्बद्ध सँस्थाहरु र नागरिक समाज, पत्रकार, प्रमुख जिल्ला अधिकारीज्यू सहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धानसमेतका सुरक्षा निकायका प्रमुखज्यू, जिल्लास्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखलगायतका राष्ट्रसेवकहरु, शिक्षक, प्राध्यापक, विद्यार्थी, विविध भाषिक तथा साँस्कृतिक समूहहरु र सर्वसाधारण समेतको व्यापक सहभागितामा समारोहको भव्यरुपमा उद्घाटन कार्य सम्पन्न भई निर्धारित बैशाख २ र ३ गतेका कार्यक्रमहरु समेत भव्यरुपमा सञ्चालन भई वि. सं २०७५ सालभरि नै विविध कार्यक्रमका साथ इलाम स्थापनाको द्विशतावार्षिकोत्सव कार्यक्रम भव्यरुपमा सम्पन्न गर्ने प्रतिबद्धताका साथ सम्पन्न उल्लिखित कार्यक्रमका अवसरमा संलग्न सबैप्रति यो बैठक आभार प्रकट गर्दछ । साथै यस वर्षको चैत महिनाको अन्त्यमा स्मारिका प्रकाशन गरी वर्षभरि सम्पन्न कार्यलाई अभिलेखीकरण गर्ने तथा अब उप्रान्त हरेक सालको बैशाख १ गतेलाई इलाम नगरपालिकाको साँस्कृतिक पर्व मनाउन घोषणा गरी कार्यान्वयन हुन समेत निर्णय गरियो ।

**निर्णय नं. २.**

चालु आर्थिक वर्ष २०७४/०७५ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसाार इलाम सदरमुकाम बजार स्थापनाको २०० वर्ष पुगेको सन्दर्भमा **"इलाम : हाम्रो गौरव, २०० वर्षमा हामी इलामेली"** व्यानर नाराका साथ वि. सं. २०७५ साल बैशाख १ गतेका दिन इलाम बजारको ठूलो टुँडिखेलमा **सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यू**को प्रमुख आतित्थ्यतामा सम्पन्न उद्घाटन समारोहको सन्दर्भमा सम्माननीय उपराष्ट्रपतिज्यूको इलाम आवगमनको क्रममा झापा जिल्लाको भद्रपुर विमानस्थलदेखि (मिति २०७४/१२/३० देखि २०७५/०१/०२ सम्म इलाम बजार र कन्याममा बसाइ) इलामसम्म आउने, बस्ने तथा फर्कने सिलसिलामा इलामस्थित पशुपतिनाथ गण, गढीथुम्की ब्यारेकका श्रीमान् गणपति प्रमुख सेनानी असिम दीप गुरुङ्गज्यूको नेतृत्वमा गण परिवारबाट सम्माननीय उपराष्ट्रपतिज्यूको बसाइ, सुरक्षा लगायतको व्यवस्थापकीय पक्षमा ज्यादै प्रशंसानीय तथा सह्रानीय कार्यसम्पादन भएको हुँदा श्रीमान् गणपतिज्यू लगायत गणका सबै सदस्यहरुलाई धन्यबाद ज्ञापन गर्ने र श्रीमान् गणपति प्रमुख सेनानी असिम गुरुङ्गज्यूमार्फत नेपाली सेनाप्रति यो बैठक हार्दिक आभार प्रकट गर्दछ ।

**निर्णय नं. ३.**

इलाम नगरपालिकाको आन्तरिक आय व्यवस्थापन गर्न **" इलााम नगरपालिकाको कर तथा गैर कर राजस्ज ऐन, २०७५"** को मस्यौदा आगमी नगर सभाबाट पारित गर्न सभामा विधेयकको रुपमा पेश गर्ने तथा कर तथा गैर कर राजस्व संकलन र व्यवस्थापन यसै विधेयकमा रहेको व्यवस्थाअनुसार नै कार्यान्वयन गर्दै जान निर्णय गरियो ।

**निर्णय नं. ४.**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको दैनिक कार्यहररु व्यवस्थापन गर्न देहायका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्न निर्णय गरियो ।

**निम्न**

(क) इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५

(ख) इलाम नगरपालिकाको **घ** वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

(ग) इलाम नगरपालिकाको एकीकृत समपत्ति कर कार्यविधि, २०७५

**निर्णय नं. ५.**

वि. सं. २०७५ साल असार १० गते अगावै तेश्रो नगर सभाको बैठकबाट आगमी आर्थिक वर्ष २०७५/०७६ को लागि इलाम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रम तय गरी पारित गर्नुपर्ने भएको हुँदा आन्तरिक आय व्यवस्था गर्न स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ अनुसार वि. सं. २०७५ साल साउन १ गतेदेखि अनिवार्यरुपमा एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्नुपर्ने सन्दर्भमा पूर्व तयारी भएअनुसार आजै दिउँसो नगर सभा हलमा इलाम नगरपालिकाका प्रमुख, उप प्रमुख, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, कर अधिकृत, लगायत कार्यालयका शाखा प्रमुखहरु, कर शाखाका कर्मचारीहरु, वडा सचिवहरु, सामाजिक परिचालकहरुसमेतको सहभागितामा एकीकृत सम्पत्ति कर संकलन कार्यविधि, २०७५ र एकीकृत सम्पत्ति कर सम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रमुख श्री महेश बस्नेत, प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खम्याहाङ्ग र प्रशासकीय अधिकृत श्री रामकुमार शाहबाट सहजीकरण गर्ने सोको लागि स्वीकृत प्रस्तावनाअनुसारको खर्च चालु तर्फ तालिम शीर्षकमा विनियोजन गरिएको रकमबाट भुक्तानी गर्न निर्णय गरियो ।

**निर्णय नं. ६.**

आगामी आ. व. २०७५/०७६ को इलाम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रम निर्माण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार वडास्तरबाट कार्यक्रम छनौट गर्न र करका दर र दायराका बारेमा स्थानीय सेवग्राहीलाई सहभागी र सुसूचित गराउन वस्तीस्तरमा वि. सं. २०७५ साल बैशाख २० गतेदेखि २९ गतेभित्र वडा कार्यालयबाट कार्य सम्पादन गर्ने र वडा स्तरका आयोजनाको लागि प्रति वडा तोकिएका आयोजना छनौट गर्न रु. ५०,००,०००।०० (पचास लाख) रकमको वडा सिलिङ्गको निर्धारण गर्ने निर्णय गरियो । साथै तत्काल लगानी गर्न नसकिए पनि औचित्यपूर्ण र वातावरणमैत्री खालका आयोजनाको सूची तयार गरी नगरपालिकाको आयोजना बैंकमा अद्यावधिक गर्न समेत वडाहरुले सूची तयार गरी पेश गर्न निर्णय गरियो ।

**निर्णय नं. ७.**

निर्माणाधीन नगर यातायात गुरु योजनाको अन्तिम प्रतिवेदन परामर्शदाताबाट प्राप्त भएपछि प्राथमिकतामा परेका ५ वटा सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गरी उच्च प्रतिफल दिने र देखिने आयोजनामा लगानी गर्न सूचीकृत परामर्शदातालाई विस्तृत परियोजना प्रतिवेदन तयार गरी पेश गर्न सोझै कार्यादेश दिने र सोको लागि चालु आ. व. २०७४/०७५ मा पूँजीगततर्फ विविधमा सि. नं. ९ देखि १३ सम्म मा विनियोजित रकमबाट खर्च लेख्न निर्णय गरियो ।

निर्णय नं. ८. आगामी आ. व. २०७५/०७६ को इलाम नगरपालिकाको वाषिक नगर विकास योजना तयार गर्ने सन्दर्भमा नगर क्षेत्रमा प्रचलित ऐन, नियमले निःषेध नगरेका प्रबर्द्धनात्मक तथा विकास कार्य गर्ने कार्य क्षेत्र लिएका गैर सरकारी सँस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी सँस्थाहरुले सम्भव भएसम्म वडास्तरबाट नै कार्यक्रम तथा बजेट समावेश गरी नगर सभाबाट स्वीकृत गराउन पेश गर्ने व्यवस्थाको लागि स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना जारी गर्न निर्णय गरियो ।

**निर्णय नं. ८.**

धरान उपमहानगरपालिका र यस इलाम नगरपालिकाबीच वि. सं. २०७५ साल बैशाख १ गतेका दिन भगिनी सम्बन्ध स्थापना गर्न समझदारीपत्रमा हस्ताक्षर भइसकेको पृष्ठभूमिमा दुवै नगरवीचको सम्बन्धमा उपयुक्त सहजीकरण तथा सद्भावको पालना गराउन र इलामको उत्पादन धरानमा बजारीकरण प्रबर्द्धन र इलाममा धरानको सहभागितामा पर्यटन प्रबर्द्धन गर्न गराउन इलाम नगरपालिका वडा नं. ७, इलाम स्थायी ठेगाना भई हाल सुनसरी जिल्लाको धरान उपमहानगरपालिका निवासी श्री कृष्ण शाहलाई अवैतानिक दूत तोक्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.**

चालु आर्थिक वर्ष २०७४/०७५ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसाार इलाम सदरमुकाम बजार स्थापनाको २०० वर्ष पुगेको सन्दर्भमा “इलाम : हाम्रो गौरव, २०० वर्षमा हामी इलामेली” व्यानर नाराका साथ वि. सं. २०७५ सालभरि नै विभिन्न कार्यक्रम सञ्चालन गर्न काठमाडौंमा रही महत्वपूर्ण भूमिका निर्वाह गर्ने श्री लोकनाथ सुवेदी र धरान, सुनसरीमा रही महत्वपूर्ण निर्वाह गर्ने श्री कृष्ण शाहलगायत इलाम नगरपालिकामा रहेको मूल समारोह सचिवालयका

पदाधिकारी तथा विभिन्न उपसमितिका संयोजक तथा उपसंयोजकलगायतका पदाधिकारीहरुलाई धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.**

चालु आर्थिक वर्ष २०७४/०७५ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसाार इलाम सदरमुकाम बजार स्थापनाको २०० वर्ष पुगेको सन्दर्भमा "इलाम : हाम्रो गौरव, २०० वर्षमा हामी इलामेली" व्यानर नाराका साथ वि. सं. २०७५ साल बैशाख १ गतेका दिन इलाम नगरपालिकाबाट नगरका विशिष्ट नागरिक घोषित श्री युद्धप्रसाद बैद्यज्यूलाई रथारोहण भएकोमा उहाँको सम्मान कार्यलाई निरन्तरता दिन र सार्थक बनाउन संघीय सरकार वा प्रदेश सरकारबाट गरिएको मर्यादाक्रमसम्बन्धी व्यवस्थामा प्रतिकूल नहुने गरी विशिष्ट नागरिक श्री युद्धप्रसाद वैद्यजयूको अवउप्रान्त इलाम नगरपालिकाको औपचारिक कार्यक्रममा नगरपालिकाको प्रमुख, उप प्रमुख पछिको मर्यादाक्रम निर्धारण गरी सोहीअनुसार सम्मान व्यक्त गर्न समेत निर्णय गरियो ।

**निर्णय नं. ११.**

इलाम नगरपालिका र माइभ्याली फुटबल क्लबवीच वि. सं. २०७५ साल बैशाख १ गतेको दिन माइभ्याली अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिताको प्रथम पुरस्कार आपसी समभ्रुदारीमा इलाम नगरपालिकाबाट उपलब्ध गराउन र सो प्रथम पुरस्कारलाई मेयर अवार्ड नामकरण गर्न भएको सम्झौता अनुमोदन गर्न निर्णय गरियो ।

**निर्णय नं. १२.**

धरान उपमहानगरपालिकाबाट इलामको उत्पादन धरानमा प्रबर्द्धन गर्न T-Festival को आयोजना गर्न अनुरोध गर्ने र सो कार्यक्रममा इलाम नगरपालिकाबाटै नेतृत्व गरी नगरका सबै क्षेत्रका व्यक्ति समावेश गराई छरितो टोली धरान पठाउन निर्णय गरियो ।

**निर्णय नं. १३.**

इलाम नगरपालिका वडा नं.९ र ८ को सिमानामा रहेको सिंहबाहिनी खोल्सीको कल्भर्ट ज्यादै साँगुरो भई उच्च जोखिमको अवस्था रहेको हुँदा तत्काल पुल बनाउन पर्ने भएकाले अनुमानित लागत रु.१२,००,०००।०० रकम मध्ये सडक बोर्ड नेपालअन्तर्गतको कालो पत्रे सडक मर्मतको लागि विनियोजित रकम रु.७८,६०,०००।०० मध्ये नगरपालिकाले व्यहोर्ने रकममध्येबाट रु.३,५०,०००।०० मर्मत सम्भार कोषमा निकासा गरी ल. इ. रकमभित्र रही मर्मत सम्भार कोषबाट खर्च हुने गरी उपभोक्ता समितिमार्फत् कार्य गराउन गरिएको कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.**

चालु आर्थिक वर्ष २०७४/०७५ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअनुसाार इलाम सदरमुकाम बजार स्थापनाको २०० वर्ष पुगेको सन्दर्भमा "इलाम : हाम्रो गौरव, २०० वर्षमा हामी इलामेली" व्यानर नाराका साथ वि. सं. २०७५ साल बैशाख १ गतेका दिन इलाम बजारको ठूलो टुँडिखेलमा सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको प्रमुख आतित्थ्यता र राष्ट्रिय सभाका सदस्य मा. अगम वान्तवाज्यू, १ नं. प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री मा. हिक्मत कार्कीज्यू, १ नं. प्रदेश सभाका सदस्यहरु मा. रामबहादुर मगरज्यू, मा. खिना लङ्गवाज्यू, मा. धीरेन शर्माज्यू र मा. काजीमान कागतेज्यूको विशेष आतित्थ्यता तथा धरान उपमहानगरपालिकाका प्रमुख श्री तारा सुब्बाज्यू, उप प्रमुख श्री मञ्जू भण्डारीज्यू लगायत पाँचथर, झापा र इलाम जिल्लाका नगरपालिका र गाउँपालिकाका प्रमुख, उप प्रमुख एवम् अध्यक्ष, उपाध्यक्षज्यूहरुको उपस्थिति र जिल्लास्थित राजनीतिक दलहरु, सम्बद्ध भातृ सङ्गठनहरु, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, हरित नगर महिला समूह लगायतका स्थानीय निजी क्षेत्रसम्बद्ध सँस्थाहरु र नागरिक समाज, पत्रकार, प्रमुख जिल्ला अधिकारीज्यू सहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धानसमेतका सुरक्षा निकायका प्रमुखज्यू, जिल्लास्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखलगायतका राष्ट्रसेवकहरु, शिक्षक, प्राध्यापक, विद्यार्थी, विविध भाषिक तथा साँस्कृतिक समूहहरु र सर्वसाधारण समेतको व्यापक सहभागितामा समारोहको भव्यरुपमा उद्घाटन कार्य सम्पन्न भई निर्धारित बैशाख २ र ३ गतेका कार्यक्रमहरु समेत भव्यरुपमा सञ्चालन भई वि. सं २०७५ सालभरि नै विविध कार्यक्रमका साथ इलाम स्थापनाको द्विशतावार्षिकोत्सव कार्यक्रम भव्यरुपमा सम्पन्न गर्ने प्रतिबद्धताका साथ सम्पन्न उल्लिखित कार्यक्रमका सन्दर्भमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि लगायतको होटल बास लगायतका खर्च र अन्य तयारीका फुटकर कार्यमा मू. अ. कर भएका सप्लायर र होटलहरु सीमित भएको सन्दर्भमा नगर कार्यपालिकाको कार्यालयबाट पान नं. भएका व्यवसायीसँग भए गरिएको विविध सेवा आपूर्ति र खरिद कार्यको अनुमोदन गरियो ।

**निर्णय नं. १५.**

इलाम नगरपालिकाको सबै खालका कार्यप्रगति र कार्यालयीय क्रियाकलाप चौमासिकरुपमा प्रकाशन गरी सरोकारवालालाई सुसूचित गरी पारदर्शिताका माध्यमबाट सुशासन प्रबर्द्धन गर्ने र सोको लागि प्राविधिक सेवाका निम्ति चालुतर्फको परामर्श सेवाबाट पारिश्रमिक भुक्तानी गर्न निर्णय गरियो । साथै व्यवस्थापकीय संक्रमणकालीन अवस्था भएकोले के छपाउने भन्ने

अनिश्चिततताका वीच छपाइ कार्य गर्नुपर्ने भएको र इलाममा अफसेट सेवा भएको छापाखाना सीमित भएकोले सार्वजनिक बोलपत्र वा दरभाउपत्र विनै  एकै छापाखानाबाट छपाइ सेवा तथा वस्तु खरिद गरिएको कार्य उचित भएकोले सोहीअनुसार हुन निर्णय गरियो ।